





# इरुमा नगरपालिका को घरको फोहोरको छुट्याउने तरिका ・बाहिर राख्ने तरिका

संकलन गर्ने दिनको बिहान ८:३० सम्ममा बाहिर राख्नुस।

ネパール語
नेपाली भाषा

"अप्रिल 2023 बाट, प्लास्टिकबाट बनेका सबै उत्पादनहरू (कडा प्लास्टिकल सहित) प्लास्टिक, भेनिल प्लास्टिक समूहमा फाल्नुहोस्।"

आँफु बस्ने एरिया को बार लेख्नुस।

| प्रकार | | संकलन गर्ने दिन | मुख्य चिज | बाहिर राख्ने तरिका |
|---|---|---|---|---|
| जल्ने फोहोर | | प्रत्येक हप्ता ___ बार | भान्साको फोहोर (राम्रोसँग पानी काट्नुस), रूखका हाँगा / पातहरू, कागज डायपर (फोहोर हटाउनुस ), फोहोर कपडा (३० सेमी भन्दा कममा काटेर ), भिडियो टेप / क्यासेट टेप (केस सहित), जुत्ता, ब्याग, बेल्ट, चप्पल, साना खेलौना, टोपी, ग्लोभ, बेसबल, फुटबल, टेनिस, गल्फ आदिका बलहरु , शेलहरू, छालाका चिजहरु इत्यादि। हाँगा तथा बोर्डहरु १० सेन्टीमिटर वा सोभन्दा कमको व्यासमा लम्बाई ३० सेन्टीमिटरभन्दा कमको लम्बाइमा काटेर ,डोरीले बाँधेर बाहिर राख्नुस।  | सादा अथवा सेतो रंगको अर्ध पारदर्शी झोला |
| नजल्ने फोहोर | | प्रत्येक हप्ता ___ बार | धातु (प्यान, एल्युमिनियम पन्नी,आदि), माटाका भाँडा , शिशाको कप, साना घरेलु उपकरण, सेतो बल्ब, LED बल्ब, छाता, बोतलको मुकुट आदि। पेय पदार्थ र फलफुलहरू बाहेकका सबै क्यानहरू<br>* साना घरेलु उपकरणहरू, बाल्टिनहरू, ताप्केहरू इत्यादि चाहिं ३० सेन्टिमिटर भन्दा कमको मात्र।  | सादा पारदर्शी झोला |
| | | | स्प्रे क्यान (स्प्रे क्यान टाईपको आगो निभाउने उपकरण पनि समावेश हुन्छ) तथा ग्यास स्टोभको मा प्रयोग हुने ग्यास को सिलिन्डर, डिस्पोजेबल लाइटरहरूको ग्यास पुरै प्रयोग गरिसक्नुस। यिनीहरुलाई अन्य नजल्ने फोहोरको भन्दा अलग झोलामा राख्नुस्। (स्प्रे क्यान, ग्यास सिलिन्डर, र लाइटरहरू एउटा झोलामा राख्न सक्नुहुन्छ)  | सादा पारदर्शी झोला |
| रिसाइकल योग्य फोहोर | प्लास्टिक | प्रत्येक हप्ता ___ बार | पूर्णतया प्लास्टिकबाट बनेका वस्तुहरू (खेलौना, टूथब्रस र अन्य कडा प्लास्टिकका उत्पादनहरू, स्टाइरोफोम, प्लास्टिक बोतलको क्यापहरू र लेबलहरू, डिटर्जेन्ट कन्टेनरहरू, खानाको ट्रे, किलिएर फाइलहरू, स्पन्जहरू, इत्यादि) 50 सेन्टीमिटर भन्दा कम साइड लम्बाइको समानहरु । कन्टेनरहरू पानीले धुनुहोस् । यदि फोहोर हटाउन सकिँदैन भने, यसलाई जलाउन मिल्ने फोहोरको रूपमा थोरै थोरै फाल्नुहोस। धातु वा गिलास जस्ता अन्य सामग्रीहरू भएका वस्तुहरू भएमा धातु वा गिलास हटाएर धातु वा गिलास समुहमा फाल्नुहोस। यदि धातु वा गिलासलाई छुट्याउन वा हटाउन सकिँदैन भने, यसलाई जलाउन नसकिने फोहोरको रूपमा फाल्नुहोस्।  | सादा पारदर्शी झोला |
| | पुराना कपडा ・कागज | औं ___ बार | **पुराना कपडा**: लुगा, तौली, पर्दा, आदि (फीता पर्दा सहित)। फोहोर, भिजेको, र च्यातिएको चिज चाहिं जल्ने फोहोरमा। | सादा पारदर्शी झोला |
| | | | **पत्रिका ・पर्चा**: पत्रिका र पर्चा लाई छुट्याउनु पर्दैन।  | प्रकार अनुसार डोरीले क्रस गरेर बाँधे |
| | | | **म्यागाजिन ・बिबिध कागज**: पुस्तक, शब्दकोशहरू पनि म्यागाजिनको रुपमा फाल्न सकिन्। घरबाट निक्लने कागज ・कागजको भाँडो,पत्रिका ,कार्टून ,कागजको प्याक बाहेक चिजहरु「बिबिध कागज」मा पर्दछन। | |
| | | | **कार्टून**: फोल्ड गरेर बन्डल गर्नुस। नालिदार रेशा भएको चिज कार्टून  फलामको स्टिच चाहिं नजल्ने फोहोर मा । | गम टेप आदि टाँसिने चिज लाएको च्याप च्याप गर्ने टेप प्रयोग नगर्नुस |
| | | | **कागजको प्याक**: धोएर खोलेर सुकाउनुस। जापानी रक्सीआदिको भित्रपट्टी एल्युमिनियम कोटिंग गरेको प्याक चाहिं जल्ने फोहोरमा। | |
| | बोतल ・क्यान ・पेट बोतल | औं ___ बार | **बोतल**: पानीले भित्र पखाल्नुस। प्लास्टिकको बिर्को प्लास्टिकमा, त्यो बाहेक को मुकुट नजल्ने फोहोरमा। उमेस्यु बनाउने बोतल नजल्ने फोहोर हो।  | प्रकार अनुसार सादा पारदर्शी झोला |
| | | | **क्यान**: जुस तथा बियर पिउने क्यान ・फलफूलको क्यान मात्र। अन्य क्यान चाहिं नजल्ने फोहोरमा एल्युमिनियम क्यान र स्टिल क्यान लाइ छुट्याउनु आवस्यक छैन। पानीले भित्र पखाल्नुस।  | |
| | | | **पेट बोतल**: जुस,मादक पेय पदार्थ,स्योयु आदि PET१को मार्क भएको बोतल मात्र। पानीले भित्र पखालेर ,कच्याक कुचुक पार्नुस। बिर्को ,लेबल चाहिं प्लास्टिकमा।  PET | |
| | घातक फोहोर | | ब्याट्री, बटन ब्याट्री, रिचार्जेबल ब्याट्री, ट्युब लाइट ,बल्ब टाईपको बत्ति,चिम,थर्मोमिटर आदि।<br>※ यदि ट्युबलाइट फुट्ने खतरा छ भने किनेको बेलाको केसमा राख्नुस् वा तिनीहरूलाई पत्रिकाले बेर्नुस्।  | प्रकार अनुसार सादा पारदर्शी झोला |
| **ठुला फोहोर (सशुल्क )** | | | **३० सेन्टिमिटर भन्दा लामो ,गह्रौं चिज आदि।**<br>कम्प्युटरको प्रिन्टर ,माइक्रोवेभ ओभन ,भ्याकुम क्लिनर ,स्टोभ आदि। गोमि च्यानल र इरुमा नगरपालिका फोहोर छुट्याउने एप्लीमा पनि हेर्नुहोला।<br>☎०४-२९३४-५५४६ <br>एयर कन्डिशनर, टिभी (सीआरटी / एलसीडी / प्लाज्मा), फ्रिज / डि फ्रिज, वाशिंग मेशिन,लुगा सुकाउने मेसिन ,कम्प्युटरहरु लिन सकिँदैन। इलेक्ट्रोनिक चुरोट,तताउने खालको चुरोट (बेग्ले ठाउँ ,रिसाइकल पसलमा फिर्ता गर्ने कुरालाई प्राथमिकता दिनुस। ) | |

भिजेको चिज ,फोहोर लागेको चिज पुन: प्रयोग गर्न मिल्दैन। पानी तथा हिउँ परेको दिनमा सकभर बाहिर नराखी अर्को पटक संकलन गर्ने दिनमा बाहिर राख्नुस।

प्रत्येक वार्ड ,समिति ,PTA, बच्चाको समूह आदिले आयोजना गर्ने पुन: प्रयोग गर्ने चिजको संकलन लाई प्राथमिकता दिनुस।

iphone (appleसेट) प्रयोग गर्नुहुने व्यक्ति

Andoroidप्रयोग गर्नुहुने व्यि

2021.03.22
ネパール語


इरुमा नगरपालिका फोहोर छुट्याउने एप्ली उपलब्ध छ।

## रिसाइकल योग्य फोहोरलाइ

### प्लास्टिक

**पूर्णतया प्लास्टिकबाट बनेका वस्तुहरू**

**धातु वा गिलास जस्ता अन्य सामग्रीहरू भएका वस्तुहरू भएमा धातु वा गिलास हटाएर धातु वा गिलास समुहमा फाल्नुहोस।**



①बिर्को झिक्ने ।


**②भित्र पखाल्ने ।**

③सादा पारदर्शी झोलामा हालेर बाहिर राख्ने ।

**※भित्र केहि भए पखाल्नुस ।**

### बोतल

**सबै खालको बोतल (फुटेको बोतल पनि )**



①मुकुट ·बिर्को झिक्ने।


**②भित्र पखाल्ने ।**

③सादा पारदर्शी झोलामा हालेर बाहिर राख्ने ।

### क्यान

**जुस तथा बियर पिउने क्यान · फलफूलको क्यान मात्र**

**अन्य क्यान चाहिं नजल्ने फोहोरमा**





**①भित्र पखाल्ने ।**

②सादा पारदर्शी झोलामा हालेर बाहिर राख्ने ।

### पेट बोतल

**जुस पदार्थ (जुस ·मिनरल वाटर आदि ) मादक पेय पदार्थ (जाँड·रक्शी·व्हिस्की ·मिरिन आदि ) सोया सस् को**



PET

①बिर्को र लेबल झिक्ने ।

②भित्र पखाल्ने। ③कच्याककुचुक पार्ने।

④सादा पारदर्शी झोलामा हालेर बाहिर राख्ने ।

PET 1 मार्क भएको बोतल मात्रै।

**प्रकार अनुसार छुत्याएर बाहिर राख्नुहोस। प्लास्टिक मार्क भएको बिर्को प्लास्टिकमा ,अन्य बिर्को चाहिँ नजल्ने फोहोरमा।**

### पुराना कपडा


**लुगा· तौली· पर्दा आदि**



सादा पारदर्शी झोलामा हालेर बाहिर राख्ने। बटन तथा फस्नर लाइ झिक्नु पर्दैन। फोहोर लागेको चिज ,भिजेको चिज,च्यातिएको चिज चाहिं पुनः प्रयोग योग्य मा पर्दैन।


### पत्रिका ·पर्चा

**पत्रिका को कागज ·पत्रिका मा संगै आउने विज्ञापनको कागज**



डोरीले क्रस गरेर बाँधेर बाहिर राख्ने। पत्रिका र पर्चा लाई छुत्याउनु पर्दैन। पत्रिकामा आउने प्लास्टिक को झोला चाहिं झिकेर प्लास्टिकमा।


### कार्टून



फलामको स्टिचलाइ झिकेर पट्याइ,डोरीले क्रस गरेर बाँधेर बाहिर राख्ने। फलामको स्टिच चाहिं नजल्ने फोहोर मा ।

### कागजको प्याक

**जापानी रक्शीआदिको भित्रपट्टी एल्मुनियम कोटिंग गरेको प्याक चाहिं जल्ने फोहोरमा।**



①भित्र पखाल्ने ।

②खोलेर सुकाउने।


③डोरीले राम्ररी बाँधेर बाहिर राख्ने।

**प्रकार अनुसार छुट्याउनुहोस्। पानी तथा हिउँ परेको दिनमा सकभर फोहोर नफाली अर्को पटक संकलन दिनमा फाल्नुहोस।**

## म्यागाजिन ·बिबिध कागज

### म्यागाजिन

म्यागाजिन, पुस्तक, शब्दकोशहरूआदि डोरीले क्रस गरेर बाँधेर बाहिर राख्ने।




**एल्बम तथा फाइलहरु चाहिं फलामको चिज हरु झिकेर जल्ने फोहोरमा। फलामको चिज चाहिं नजल्ने फोहोरमा।**


### बिबिध कागज

बाहिर राख्ने तरिका(तलको कुनै एक तरिका ले राख्नुहोस ।


**पत्रिका ·कार्टुन ·कागजको प्याक भन्दा अलग राख्नुहोस।**



①म्यागाजिन संगै बन्डल बनाएर, डोरीले क्रस गरेर बाँधेर बाहिर राख्ने।



②बिबिध कागज मात्र, डोरीले बाँधेर बाहिर राख्ने।



③ कागजको झोलामा हालेर बाहिर राख्ने।

雑がみとは・・・家庭から出る紙・紙箱で、新聞・雑誌・ダンボール・紙パック以外のもの。

### बिबिध कागजको रुपमा बाहिर राख्न मिल्ने कागज (उदाहरण)

कागज बक्सहरू (मिठाइ,टिस्यु आदिका बक्स), नोटबुक, प्रतिलिपि कागज, खाम · पोष्टकार्ड (व्यक्तिगत जानकारीको कुराहरु जल्ने फोहोर मा ), यपिंग कागज ,कागजको झोला, मेमो कागज , क्यालेन्डर, माउन्टहरू, कागज बाइन्डर, ट्वाइलेट पेपरको कागजको ढुङ्ग्रो आदि।

**※फलामको चिजहरु भए झिकेर बाहिर राख्नुहोस।**


प्लास्टिक भाको समाले र प्लास्टिक भाको कागजको झोला जल्ने फोहोर




झ्यालको प्लास्टिक झिक्ने



प्लास्टिक झिकेर बक्स कच्याक कुचुक पार्ने





फलाम · प्लास्टिकको भाग झिकेर राख्ने




### बिबिध कागजको रुपमा बाहिर राख्न नमिल्ने कागज (उदाहरण)

निम्न कागजातहरु जल्ने फोहोरमा राख्नुहोस। प्लास्टिकले कोटिंग गरेको कागज ,दबाब संवेदनशील कागज, क्रिम्पिंग पोस्टकार्ड, फोटो, कागज कप, मैन कागज जस्तै कागज प्लेटहरू, वाटरप्रूफ कागज कार्बन कागज, कार्बन कागज, फोहोर कागज, क्रेयोनले लेखेको कागज, सुगन्धित कागज (पाउडर साबुन, धूप बाकस, आदि) · एल्मुनियम कोटिंग कागज (कप चाउचाउको ढक्कनआदि)आदि

क्रिम्पिंग कागज , प्लास्टिक भाको पोस्ट कार्ड आदि जल्ने फोहोरमा।




फोटो तथा क्रेयोनले लेखेको कागज



※व्यक्तिगत जानकारी कोभाग चाहिं जल्ने फोहोरमा

पानीमा भिजेको कागज ,तेल लागेको कागज



एल्मुनियम कोटिंग कागज (कप चाउचाउको ढक्कनआदि)



## घरेलू उपकरण पुन: प्रयोगको कानून अनुसार घर उपकरणहरू डिस्पोज गर्ने तरिका

घरेलु उपकरण रिसाइकलको कानून (निर्दिष्ट घरेलु उपकरणहरूको रिसाइकल ऐन) अनुसार , यस नगरपालिकामा तोकिएका एयर कन्डिशनरू, टिभी, फ्रिज / डि फ्रीज, वाशिंग मेशिन, र लुगा सुकाउने मेशिनहरू लिएर डिस्पोज गर्न सकिंदैन। तोकिएका घरेलु उपकरणहरू डिस्पोज गर्दा कृपया निम्न प्रक्रियाअपनाउनुहोला।

एयर कन्डिशनर, टिभी (सीआरटी / एलसीडी / प्लाज्मा), फ्रिज / फ्रिजर, वाशिंग मेशिन र लुगा सुकाउने मेशिनहरू फाल्न मन छ।

- ·अर्को त्यहि सामान किन्नु छ
- ·त्यो सामान किनेको पसल थाहा छ

→ किनेको पसलमा रिसाइकल शुल्क तिरी डिस्पोज गर्ने ।

- ·अर्को त्यहि सामान किन्नु छैन
- ·त्यो सामान किनेको पसल थाहा छैन

→ मेकर·साइज हेरेर ,हुलाकमा रिसाइकल टिकट किनी ,सामान मा टाँस्ने

- ·सामान ढुवानी गरिदिने कम्पनिमा सम्पर्क गरेर सामान ढुवानी गर्न अनुरोध गर्ने → क्लिन सेन्टरबाट परिचय गराइदिन्छौं ,सम्पर्क गर्नुहोस।
- ·आफैंले ढुवानी गर्ने → दायाँको तोकिएको ठाउँमा ढुवानी गर्नुहोस।

डिस्पोज गर्न लाग्ने खर्च

| घरेलु उपकरणको प्रकार | रिसाइकल शुल्क | टिप्पणी |
|---|---|---|
| टिभी (ठुलो ) | २,४२०येन ~३,७००येन | १६ इन्च भन्दा माथि |
| टिभी (सानो ) | १,३२०येन~३,१००येन | १५ इन्च भन्दा तल |
| एयर कन्डिसनर | ९९०येन ~२,०००येन | यान्माको एसी मात्र ९,९००येन |
| फ्रिज ·डि फ्रिज(ठुलो ) | ४,७३०येन~५,६००येन | १७१ लिटर भन्दा माथि |
| फ्रिज ·डि फ्रिज (सानो ) | ३,७४०येन ~५,२००येन | १७० लिटर भन्दा तल |
| वाशिंग मेशिन(लुगा सुकाउने मेशिन) | २,५३०येन ~३,३००येन | |

**※बनाउने कम्पनि अनुसार शुल्क फरक पर्छ।**

**※माथिको चार्टको शुल्क २०२०साल अप्रिलको बेलाको शुल्क भएकोले नयाँ शुल्क फरक हुन सक्छ।**

**※बैंकमा ट्रान्सफर गर्दा ट्रान्सफर शुल्क लाग्नेछ।**

**※घरेलु उपकरण ढुवानी गर्ने कम्पनिलाइ अनुरोध गरेको खण्डमा छुट्टै शुल्क लाग्नेछ।**

**नजिकमा तोकिएको सामान लिने ठाउँ।**

| लिने ठाउँ | ठेगाना | फोन नम्बर |
|---|---|---|
| (खाबु) आओइ खान्क्यो खाइहाचु इरुमा एकोसुतोक्कु | इरुमा सी बुशी ७६३-१ | ०४-२९३२-९९८० |
| कुरुमे उन्सो(खाबु) इरुमा सितेन | इरुमा सी निहोन्गी १२७८-७ | ०४-२९३५-२१५७ |

**※सिधै सामान ढुवानी गर्ने हुँदा लिने ठाउँको खुल्ला हुने दिन समय चेक गर्नुहोला।**

## कम्प्युटरलाई डिस्पोज गर्ने तरिका

**घरमा अनावस्यक भएको कम्प्युटर लाइ उक्त कम्प्युटर बनाउने कम्पनिले संकलन**

**【संकलन को लागि निवेदन ·सोधपुछ गर्ने ठाउँ 】**

**बनाएको कम्पनि थाहा छ भने प्रत्येक बनाउने कम्पनिको「 रिसाइकल**

**संकलन गर्ने कम्पनि थाहा नभए (बन्द भैसकेको कम्पनि तथा आफैंले बनाएको कम्प्युटर आदि )**

**इप्पान स्यादानहोजिन् पासोकोन ३R सुइसिन क्योखाई**

**☎०३-५२८२-७६८५**

PC リサイクル

किनेको कम्प्युटर तथा आफैंले बनाएको कम्प्युटर फाल्न ,रिसाइकल शुल्क लाग्छ।

२००३साल अक्टोबर पछि किनेको कम्प्युटरमा चाहिं PC रिसाइकल मार्क टाँसेको भएर ,फेरी शुल्क तिर्नुपर्दैन।